# नदीजन्य पदार्थको आन्तरिक बिक्रीका लागि सिलबन्दी बोलपत्र अव्हानको सूचना

**तेस्रो पटक** सूचना प्रकाशित मिति २०७७/१०/११

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ क, यस घोराही उप महानगरपालिकाको आर्थिक ऐन २०७७बमोजिम आ ब २०७७/२०७८ मा तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घोराही उप महानगरपालिकाले तोकेको (प्रति क्यू फिट रु८। अक्षरुपि आठरुपैया मुअ कर बाहेक) दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छूक फर्म वा कम्पनीहरुले फर्मको दर्ता नबीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/२०७७ को कर चुक्ता पमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालयबाट तोकिय बमोजिमको बोलपत्र दस्तूर यस कार्यालयको नेपाल बैंक लिमिटेड घोराही मा रहेको आन्तरिक राजश्व खाता नं ०२७०३०००००१००१००००००१ माजम्मा गरी www.bolpatra.gov.np/egp मा १६ औं दिनको १२ बजे भित्र रितपूर्वक बिधुतिय बोलपत्र पेशगर्न सूचित गरिन्छ । तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही शिलबन्दी बोलपत्र प्रकृयामा सहभगी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ । पूर्ण ब्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा र वेब साईटमा राखिएको छ ।

| सि.नं. | IFB No: | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मि.) | न्यूनतम अंक रु ( मू.अ. कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | NCB/RBM/GSMC/02/077/078 | हापुर खोला क्षेत्र ४ नारायणपुर अवलडांडा जाने सडक देखि दक्षिण घोराही तुल्सीपुर सडकको कज्वेसम्म । | १९९६० | ५६३४९०८। | ३०००। |
| २ | NCB/RBM/ GSMC/04/077/078 | सिस्ने खोला क्षेत्र २ घोराही प्यूठान सडकको५०० मि. दक्षिण देखि विपि राजमार्गको ५०० मी उत्तरसम्म । | ८१६० | २३०३६५०। | ३०००। |
| ३ | NCB/RBM/ GSMC/06/077/078 | बालिम खोला क्षेत्र १ झिडनी कुलो बांधको उत्तर ७०० मी सम्म । | १६२५० | ४५८७५३८। | ३०००। |
| ४ | NCB/RBM/ GSMC/08/077/078 | सेवार खोला क्षेत्र ४ गुर्जे खोला र सेवार खोलाको दोभान देखि दक्षिण तर्फ वडा नं ७ र ८ विचमा डावर गांउ र बुधौराघाट । | २०००० | ५६४६२००। | ३०००। |
| ५ | NCB/RBM/ GSMC/09/077/078 | कटुवा खोला क्षेत्र ३ कटुवा खोला र सिस्ने खोलाको दोभान देखि उत्तर कटुवा खोला तर्फ ५०० मीटर सम्म । | २४००० | ६७७५४४०। | ३०००। |
| ६ | NCB/RBM/ GSMC/11/077/078 | बबई नदी क्षेत्र १ बबई नदी सिमलतारा देखि चुरे खोला दोभान बिचमा । | ४५५ | १२८४५१। | १०००। |
| ७ | NCB/RBM/ GSMC/12/077/078 | बबई क्षेत्र २ बबई बालापुर देखि साततले सम्म । | २०९७० | ५९२००४१। | ३०००। |
| ८ | NCB/RBM/ GSMC/13/077/078 | बबई क्षेत्र ३ बबई नदी भैंसकुर्मा बाटो दक्षिण रणघरा सम्म । | १४४०० | ४०६५२६४। | ३०००। |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | NCB/RBM / GSMC /14/077/078 | बबई क्षेत्र ४ बवई नदी धारापानी पुलको माथी पूर्वतर्फ केटुवा दोभान सम्म । | १०८०० | ३०४८९४८। | ३०००। |
| १० | NCB/RBM / GSMC /15/077/078 | बबई क्षेत्र ५ बवई नदी डोलगांउ/ सम्म । | १३००४ | ३६७११६०। | ३०००। |
| ११ | NCB/RBM / GSMC /16/077/078 | बबई क्षेत्र ६ घुम्राघाट । | ६७६० | १९०८४१६। | १०००। |

शर्तहरु

फर्मकोदर्ता नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/२०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

बोलपत्र सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड घोराहीमा रहेको धरौटी खाता नं.०२७०३००००३००००००००१ मा जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिन सम्म म्याद सहित जारी गरिएको बिड वण्ड पेश गर्नु पर्नेछ ।

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, फोन नं,मोवाइल नं. समेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा बोलपत्र दर्ता गर्नू पर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्वन्धी कागजतहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फाराममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टास भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्तावापत ६० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता वापत ४० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७८ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) र मु अ कर र अग्रिम आय कर बाफतको रकम पुरै रकम आन्तरिक राजस्व कार्यालयको खातामा जम्मा गरेको बैंक भौचर पेश गरी पट्टा उठाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाइ बुझाउनुपर्ने अन्य कर बोलपत्रदाताले छुट्टै आफै बुझाउनु पर्नेछ ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोबस्त गरिनेछ । यस उप महानगरपालिकाका खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातवावरणीय अध्ययन प्रतिबेदन यस शिलबन्दी बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत